## ६
# परमेश्वर मानिस बन्नुभयो

नयाँ करारका पहिलो चार पुस्तकहरु (मत्ती, मर्कूस, लूका र यूहन्ना) ले हालसम्म भनिएको मध्ये एकदमै आश्चर्यजनक कथा भनेका छन् । तिनीहरुले हामीलाई परमेश्वर कसरी मानिस बन्नुभयो भन्ने कुरा प्रकट गरेका छन् । तिनीहरुले येशू ख्रीष्ट, परमेश्वरका पुत्र, मानिसको रुपमा यस संसारमा आउनुभयो, हाम्रो पापको निम्ति मर्नुभयो र जसले उहाँलाई ग्रहण गर्नेछन् तिनीहरुका निम्ति मुक्ति अथवा पापहरुको क्षमा र अनन्त जीवन ल्याउनुभयो भनेका छन् ।

नयाँ करार एक इतिहासको पुस्तकमात्र होइन यो मुक्तिको अध्ययन पनि हो, जसको सारतत्व भनेको कसरी परमेश्वरका ईश्वरीय पुत्र हामीलाई बचाउनको निम्ति हामीहरु जस्तै बन्नुभयो भन्ने हो । त्यसैकारण मत्ती, मर्कूस, लूका र यूहन्ना प्रभुको जीवनको अध्ययन मात्र होइनन् । तिनीहरु बढ्ता जसो प्रचारका सन्देशहरु हुन् । जसले हामीलाई “चुनिएका इतिहास” दिँदछन्, जसले हामीलाई मानिसहरुमा ल्याइएको मुक्तिसँग सम्बन्धित मुख्य घटनाहरु भन्दछन् । त्यसैले यूहन्ना २१:२५ ले भन्दछ, “येशूले अरु पनि धेरै काम गर्नुभयो, तीमध्ये प्रत्येकको बारेमा लेखिने हो भने, मलाई यस्तो लाग्छ, कि तिनका विषयमा लेखिएका पुस्तकहरु संसारैभरि पनि अटाउने थिएनन् ।”

येशूले हामीलाई मुक्ति दिनुहुन्छ भन्ने बारेमा हामीलाई नयाँ करारमा भनिएका यी केही प्रमुख घटनाहरु के-के हुन् ? येशू ख्रीष्टबारेको सत्यता के हो ?

## येशू परमेश्वर हुनुहुन्थ्यो/हुनुहुन्छ

येशू ख्रीष्टबारेको पहिलो सत्यता जसलाई हामीले स्वीकार गर्नै पर्दछ त्यो के हो भने उहाँ परमेश्वर हुनुहुन्थ्यो र हुनुहुन्छ ।

के उहाँको जन्म उहाँको आरम्भ थियो ? होइन । हाम्रा प्रभुको बेथलेहममा भएको जन्म उहाँको अस्तित्वको शुरुवात थिएन । उहाँको जन्ममा त उहाँले एक भौतिक शरीर धारण गर्नुभएको र एक मानिस बन्नुभएको मात्र थियो ।

“परमेश्वर” भनेको एक पारिवारिक नाम जस्तै-जस्तै हो । तपाईको पारिवारिक नामले (थरले) परिवारका अरु सदस्यहरुसँग परिचित गराउँदछ । यो त्यो कुरा हो जसले परिवारका व्यक्तिगत सदस्यहरुलाई एउटा सिंगो पारिवारिक समूहमा जोडेको हुन्छ । यसै अनुसार, “परमेश्वर” एक पारिवारिक नाम हो । धर्मशास्त्रमा हामी परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा देख्दछौं । यो ईश्वरत्वका दोश्रो सदस्य, येशू, हाम्रो निम्ति मानिस बन्नुभयो ।

एक पदखण्ड जसले स्पष्ट रुपमा येशू अनन्त परमेश्वर हुनुहुन्छ भनी घोषणा गर्दछ यो यूहन्ना १:१-५ हो ।[४] यूहन्नाले येशू परमेश्वर हुनुहुन्छ र सदासर्वदै परमेश्वर हुनुहुन्थ्यो भनेका छन् ।

> आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबैथोक उहाँद्वारा बनिए र बनिएको कुनै थोक पनि

[४] यूहन्नाले आफ्नो सुसमाचार इतिहासभन्दा अघिबाट सुरु गर्दछन् । उनी अनन्तमा रहनुभएको परमेश्वरसँगै सुरु गर्दछन् ।
“अलेक्जेन्ड्रियाका फिलोसँग वचनको बारेमा भन्नु धेरै छ, जुन उनको प्रणालीमा परमेश्वर मानिस बिचको एक मध्यस्थताको सिध्दान्त थियो, तर उनले वचन देहधारी हुनुभएको सम्भावनालाई इन्कार गरेका थिए । जब यूहन्नाले वचन देहधारी हुनुभयो भन्दछन् उनले स्पष्ट रुपमा फिलोले भन्दा भिन्न प्रकारको वचनलाई प्रस्तुत गरिरहेका हुन्छन् । आफ्नो सारा महानता (शिक्षा) हुँदाहुँदै पनि, फिलोले मानिसहरु माझ वास गर्न सक्षम वचन प्रस्तुत गर्न सक्दैनथे, जसले मानिसहरुलाई काम गर्न लगाउन सकेको होस् र मानिसहरुलाई परमेश्वरका छोराहरु हुने शक्ति सकेको होस् । समसामयिक ग्रीक संसारमा यो एउटा नयाँ तत्व थियो” (Donald Guthrie, A Shorter Life of Christ (Grand Rapids, Mich.: Zondervan, 1970), 73 को नेपाली रुपान्तर) ।

उहाँबिना बनिएन । उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरुको ज्योति थियो । त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन ।

यो परिच्छेदबाट आउने चार महान सत्यहरुको बारेमा हामीले सोच्नु आवश्यक हुन्छ :

(१) हामी के देख्दछौं भने येशू एक सृष्टि हुनुहुन्थेन । पूर्व अस्तित्व विना कसरी येशू एक मानिस बन्नसक्नुहुन्थ्यो ? अरु कुनै मानिसहरुको सन्दर्भमा हामी जन्म र प्रारम्भमा कुनै फरक देख्दैनौं अथवा उसको जीवन गर्भधारणको साथै सुरु भएको थिएन भन्न सक्दैनौं, तर येशूको बारेमा भने हामी यो कुरा भन्न सक्दछौं । उहाँ जन्मेको समयबाट अथवा उहाँ मृतकबाट पुनरुत्थान भएपछि मात्र परमेश्वरको पुत्र हुनुभएको थिएन । उहाँ सर्वोच्च र अनन्तको परमेश्वर हुनुहुन्छ । उहाँ सदाकालदेखि हुनुहुन्थ्यो र रहनुहुनेछ ।

उहाँले संसारको उत्पत्ति हुनुभन्दाअघि उहाँको पिताको साथमा हुँदाको महिमाको कुरा गर्नुभएको छ (यूहन्ना १७:५) । उहाँ भन्नुहुन्छ, ".... म परमेश्वरतर्फबाट आएँ ... । म पिताबाट आएँ, अनि संसारमा आएको छु, ..." (यूहन्ना १६:२७, २८) । उहाँले यसो पनि भन्नुभएको छ, "... संसारको सृष्टि हुनु अघि देखि नै मलाई प्रेम गर्नुभएको ..." (यूहन्ना १७:२४ ख) । प्रत्येक व्यक्तिले शारीरिक जन्मद्वारा जीवनमा प्रवेश गर्दछन्, तर येशूको न जीवनको प्रारम्भका दिनहरु अथवा न त जीवनको अन्त्य नै थाहा छ (हिब्रू ७:३) । उहाँ पूर्ण रुपमा अनन्त र पूर्णरुपमा परमेश्वर हुनुहुन्छ ।

हामीभन्दा विपरित, उहाँले जन्मन र जीवनको अनुभवमा प्रवेश गर्न रोज्नुभयो । उहाँको संसारको जीवनमा, उहाँले आफ्नो ईश्वरत्वलाई त्याग्नु भएन, तर उहाँले उहाँको ईश्वरीय गुणहरुको प्रयोगलाई मात्र स्वेच्छाले आफूबाट अलग राखीदिनुभयो । कुनै पनि समय, उहाँले आफ्नो कुनै पनि ईश्वरीय शक्तिहरु प्रयोग गर्नसक्नु हुन्थ्यो उहाँसँग भएको ईश्वरी रोजाइहरु प्रयोग गर्न सक्नुहुन्थ्यो (फिलिप्पी २:६) ।

(२) हामी देख्दछौं परमेश्वरले येशूद्वारा सृष्टि गर्नुभएको थियो । उहाँ यस ब्रम्हाण्डको साँचो प्रभु हुनुहुन्छ । १ कोरिन्थी ८:६ ले भन्दछ, "तर हाम्रा निम्ति त एउटै परमेश्वर पिता हुनुहुन्छ, जसबाट सबैथोक हुन आए, अनि जसकै निम्ति हामी जिउँदछौं, हाम्रा निम्ति एउटै प्रभु, येशू खीष्ट हुनुहुन्छ, जसद्वारा सबै कुरा हुन आए र जसद्वारा हामी जिउँदछौं ।" कलस्सी १:१६ ले पनि यसो भन्दछ : "किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबैथोक उहाँद्वारै र उहाँकै निम्ति सुजिएका हुन् ।"

(३) हामी देख्दछौं येशूले जीवितहरुलाई जीवन दिनुहुन्छ, र उहाँले मरेकाहरुलाई पनि बचाउन सक्नुहुन्छ (हेर्नुहोस् यूहन्ना ११:२५) । उहाँ जीवनको कर्ता हुनुहुन्छ ।

(४) हामीले उहाँ जीवन र मृत्युको प्रभु हुनुहुन्छ भन्ने निष्कर्ष निकाल्नै पर्दछ । उहाँले सबै थोक सृष्टि गर्नुभएको हो र जीवन दिएर तथा मृत्यु माथि शासन गरेरतर सबैथोकको पालनपोषण गर्नुहुन्छ ।

के हामीले हाम्रो प्रभुको पृथ्वीको जीवन बारेमा सबैथोक बुझ्न सक्दछौं ? निश्चय नै सक्दैनौं । कसरी मानिसले परमेश्वरलाई पूर्ण रुपमा बुझ्न सक्दछ ? एक व्यक्तिलाई सत्यमाथि विश्वास गर्ने कुरा बुझ्नै पर्ने हुँदैन । मलाई थाहा छैन परमेश्वरले यो पृथ्वी कसरी सृष्टि गर्नुभयो, तर म विश्वास गर्दछु यो उहाँले नै सृष्टि गर्नुभएको हो । म बुझ्न सक्दिन येशू कसरी मृतकबाट बौरी उठ्नुभयो, तर उहाँ बौरी उठ्नुभएको हो भनी म विश्वास गर्दछु । त्यसै गरी म बुझ्दिन परमेश्वर, येशू खीष्ट कसरी मानिस बन्नुभयो, तर उहाँ बन्नुभयो भनी म विश्वास गर्दछु ।

## येशू परमेश्वरका पुत्र, मानिस बन्नुभयो

येशू बारेको अर्को सत्य जसबारेमा हामीले सोच्नु आवश्यक छ त्यो के हो भने उहाँ पूर्णरुपमा मानिस बन्नुभयो । आउनुहोस् हामी यस सत्यलाई हाम्रो दिमागमा पस्न दिऔं, येशू, परमेश्वरका पुत्रले देह धारण गर्नुभयो । येशू परमेश्वरका पुत्र हुनुहुन्थ्यो, हुनुहुन्छ र सदासर्वदा रहनुहुनेछ, तर उहाँको जन्ममा उहाँ मानिसको पुत्र बन्नुभयो ।

पावलले येशूले कसरी पृथ्वीमा आउन स्वर्ग त्याग्नुभयो भनी वर्णन गरेका छन् (फिलिप्पी २:५-८) । ध्यान दिनुहोस् कसरी येशू स्वर्गबाट तल आउनु भई हामी जस्तै एकजना बन्नुभयो ।

प्रथमत, उहाँले स्वर्ग छोड्नुभयो । उहाँले त्यो ठाउँ त्याग्नुभयो जहाँ घृणाको अस्तित्व छैन - एक यस्तो ठाउँ जुन डाहा, ईर्स्या, र शंकाबाट स्वतन्त्र थियो । उहाँले स्वर्गको सुन्दर सामञ्जस्यलाई त्याग्नुभयो - कुनै फूट, द्वन्द्व अथवा वादविवाद नभएको ठाउँ, कुनै असमझदारी अथवा अन्योल नभएको एक स्थान । उहाँले स्वर्गको असीमित श्रोतहरुलाई त्याग्नुभयो । उहाँले एउटा यस्तो स्थान त्याग्न रोज्नुभयो जहाँ धनको कमी हुनै सक्दैन, जहाँ कोही पनि गरिबीले सताइन सक्दैनथ्यो र जहाँ कोही कहिल्यै भोकाएको र तिर्खाएको थिएन ।

दोश्रो, उहाँ मानिस बन्नुभयो । उहाँको जन्मले उहाँको प्रारम्भलाई होइन तर उहाँ समयको एउटा चरणमा मानिस भएर देखा पर्नुभएको कुरालाई प्रमाणित गर्दछ । येशू अनन्तता र समयको मिलन विन्दु हुनुहुन्थ्यो, ईश्वरत्व र मनुष्त्वको पूर्ण सम्मिश्रण, स्वर्ग र पृथ्वीको संगम हुनुहुन्थ्यो । उहाँले जन्मिन मात्र स्वीकार गर्नुभएन, तर पूर्णरुपमा मानिस भएर जन्मनुभयो ताकि उहाँ मर्नसक्नुभएको होस् । परमेश्वर भएर पनि, उहाँ मानिस बन्नुभयो । उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो, तर उहाँ मानिसको पुत्र बन्नुभयो ।[५]

यो खीष्टियानिटीको महान सत्य हो । यदि तपाईले यो सत्यलाई विश्वास गर्नुभयो भने, त्यसपछि खीष्टियानिटीमा भएका अरु सत्यहरुलाई पनि तपाई विश्वास गर्न सक्नुहुन्छ । हो, खीष्टियानिटीको आश्चर्यजनक सत्य के हो भने नासरतका येशू मानिस बन्नुभएको परमेश्वर हुनुहुन्थ्यो - त्यसो भन्नुको अर्थ के हो भने उहाँले ईश्वरत्वलाई नगुमाइ मानवरुप धारण गर्नुभयो, त्यसैले उहाँ सत्य र पूर्ण रुपले परमेश्वरको साथसाथै मानव पनि हुनुहुन्थ्यो । कसैले खीष्टियानिटीको यो भागलाई विश्वास गर्छ सक्छ भने उसलाई यसको बाँकी अंशलाई विश्वास गर्न कुनै समस्या हुने छैन ।

यूहन्नाले यसो लेखेका छन्, “वचन देहधारी हुनुभयो र हाम्रा बिचमा बास गर्नुभयो” (यूहन्ना १:१४) । अर्को शब्दमा भन्दा, परमेश्वर मानिस बन्नुभयो, ईश्वरीय पुत्र एक यहुदी बन्नुभयो, सर्वशक्तिमान् ओछ्यानमा पल्टने, हेर्ने, छट्पटाउने र आवाजहरु निकाल्ने भन्दा बढि केही गर्न नसक्ने एक असहाय बालकको रुपमा पृथ्वीमा देखापर्नु भयो । उहाँलाई खुवाउनु पर्दथ्यो, उहाँको कपडा फेरी दिनु पर्दथ्यो र अरु बच्चाहरुलाई जस्तै हिँड्न सिकाउनु परेको थियो । यो कुनै भ्रम अथवा एक छल थिएन, परमेश्वरका पुत्रको बाह्य अवस्था एउटा वास्तविकता थियो । यसबारेमा तपाई जति बढि सोच्नुहुन्छ यो त्यति नै आश्चर्यजनक हुँदै जान्छ । उनीहरुको अविश्वासले अथवा कम्तिमा पनि अल्पविश्वासको कारणले गर्दा मानिसहरुलाई अवतारमा र सुसमाचारका कथनमा भएका अरु सत्यताहरुसँग समस्या हुँदछ । एकपल्ट अवतारलाई सत्यताको रुपमा बुझिसकेपछि, अरु समस्याहरु हटेर जाँदछन् ।[६]

---

[५] एउटा मानिसमा परमेश्वर वास गर्नुहुँदैन । यदि त्यसो हुन्थ्यो भने त्यस्ता धेरै हुन्थे होलान् । ईश्वररुपी मानिस एउटै छैन । यदि त्यसो हुन्थ्यो भने अन्य जातिहरुको काल्पनिक विचारको पध्दतिमा कोही पनि बाँकी रहने थिएनन् होला, तर परमेश्वर र मानिस, एउटै व्यक्तित्वमा दुई प्रकृतिहरु मिल्नु भनेको, व्याख्या गर्न सक्ने सम्भावनालाई अलमल्लमा पार्ने एक अनन्तको गुढ रहस्य हो” (G. Campbell Morgan, The Crises of Christ (Old Tappan, J.J. Fleming H. Revell Co., 1936) 79)

[६] J.I. Packer, Knowing God (Downers Grove, III.: Intervarcity Press, 1973), 46.

तेश्रो, उहाँ मानिसहरुको सेवक बन्नुभयो । उहाँ एक राजाको रुपमा एउटा दरबारमा बस्नुभएन, तर एक सेवकको रुपमा गरिबीमा बस्नुभयो । उहाँ सेवा लिन होइन, तर सेवा गर्न आउनुभएको थियो । उहाँ हामीलाई परमेश्वर कस्तो हुनुहुन्छ र साँचो मानवता कस्तो हुन्छ भनी देखाउन आउनुभएको थियो (मर्कूस १०:४५) ।

चौथो, उहाँले आफूलाई मृत्युमा समर्पित गर्नुभयो । आफूलाई मृत्युमा समर्पित नगरी, उहाँ पूर्ण मानव हुन सक्नुहुन्थेन । उहाँ पूर्णरुपमा मानिस जस्तै हुनुहुन्छ भनी चिनिनुभयो । उहाँले आफूलाई दुःखदायी मृत्युमा, क्रूसको मृत्युमासम्म समर्पित गर्नुभयो । म सुतेको अवस्थामै मर्न चाहन्छु । तपाई के भन्नुहुन्छ ? यस कुरामा, हामी येशूजस्तो छैनौं । उहाँले आफूलाई यातनापूर्ण पिडादायी मृत्युमा कुनै करकापमा नपरी, स्वेच्छाले र बिना जबरजस्ती सुम्पिदिनुभयो ।

## उहाँले हाम्रो माझमा असल मानिसको रुपमा जीवन बिताउनुभयो

येशुबारेका अर्को सत्यता जसको बारेमा हामीले सोच्नुपर्ने हुन्छ त्यो के हो भने उहाँले हाम्रो माझमा असल मानिसको जीवन बिताउनुभएको थियो ।

हामी असल मानिसको यस पृथ्वीको जीवन धेरै असमान्य हुन्छ भनी आसा गर्न सक्दछौं । असल मानिस अरु सबै मानिसहरु भन्दा फरक हुन्छन् । मत्ती, मर्कूस, लूका र यूहन्नाले उहाँको पृथ्वीको जीवनलाई अहिलेसम्म जीवन बिताएको कुनै मानवको भन्दा उत्तम मानी प्रस्तुत गर्दा हामीले आश्चर्य मान्नु हुँदैन ।

यदि परमेश्वरलाई मानिस बन्नु थियो भने, एक विशेष जन्मको आवश्यकता पर्दथ्यो । उहाँको जन्म त्यस्तै थियो : मत्ती र लूकाको सुसमाचारले उहाँ मरियम नामक कन्याकुमारीबाट जन्मनुभएको थियो भन्दछन् । उहाँकी सांसारिक आमा त थिइन, तर सांसारिक पिता थिएनन्, किनभने उहाँ पवित्र आत्माद्वारा गर्भधारण गराइनुभएको थियो (मत्ती १:२०) ।

हामी उहाँको कुनै पनि मरणशील मानिसबाट आउन नसक्ने ईश्वरीय शिक्षाहरुद्वारा चिनिएका सिध्द जीवनको पनि अपेक्षा गर्न सक्दछौं । यसमा कुनै आश्चर्य छैन, हामी उहाँ जस्तो कहिल्यै कोही बोलेको थिएन भनी पढ्न पाउँदछौं (यूहन्ना ७:४६) । ती मानिसहरु जसले उहाँसँग भेटेका थिए र उहाँले शिक्षा दिएको सुनेका थिए, उनीहरु उहाँको जीवन र सन्देशबाट आश्चर्यचकित भएका थिए ।

यदि उहाँ देहधारण गर्नुभएको परमेश्वर हुनुहुन्थ्यो भने, किन हामी उहाँले आश्चर्यपूर्ण र अद्‌भूत कामहरु गरेर कुनै पनि मानिसको क्षमता भन्दा बढी शक्ति प्रकट गर्नुभएको थियो भनी अचम्म मान्ने ? हामीलाई भनिएको छ कि उहाँले प्रत्यक्ष देखिने गरी आश्चर्यकर्महरु गर्नुभएको थियो जसले गर्दा उहाँका शत्रुहरुसम्मले त्यसलाई प्राकृतिक नियमभन्दा पर र माथिको काम भनी स्वीकार गरेका थिए । उहाँले मरेकालाई ब्युँताउनुभएको थियो (यूहन्ना ११:४३, ४४), अन्धोलाई निको पार्नुभयो (मर्कूस ८) र रोटी र माछालाई धेरै बढि बनाउनुभएको थियो (यूहन्ना ६) । उहाँसँग त्यस्तो शक्ति भएको तथ्यले हामीलाई अनौठो लाग्नु हुँदैन । जे भए तापनि, उहाँले नै सबैथोक सृष्टि गर्नुभएको हो र सबैथोकलाई पालन पनि गर्नुहुन्छ ।

उहाँको मृत्यु संसारको इतिहासमा आफ्नै किसिमको थियो भनी के हामीले अपेक्षा गर्नु हुँदैन र ? किनभने परमेश्वर एउटा क्रूसमा मर्नु हुने सदाकालको निम्ति अति नै आश्चर्यजनक घटना हुन लागेको थियो । सुसमाचारले हामीलाई त्यस्तै घटना भएको थियो भन्ने देखाएको छ । येशूको मृत्युमा, आकाश अँध्यारो भएको थियो, जमीन काँपेको थियो, मन्दिरको पर्दा च्यातिएको थियो र चिहानहरु उधारिएका थिए । धेरै धर्मी मानिसहरु उनीहरुको चिहानबाट जीवित भै उठेर येशूको पुनरुत्थान पछि

यरुशलेममा जीवित देखा परेका थिए (मत्ती २७:५०-५३) । जब परमेश्वर - मानिस मर्नुभयो, एउटा विशेष घटना घट्यो - यस्तो घटना जसको योजना संसारको उत्पत्ति भन्दा अघिबाट गरिएको थियो ।

के हामीले परमेश्वर - मानिससँग मृत्युमाथि पनि अधिकार थियो भन्ने अपेक्षा गर्नु पर्दैन ? निश्चय नै, उहाँ मृतकबाट जीवित भै उठ्नुभएको थियो । यो सत्य उहाँको जीवनबारेमा हामीलाइ भनिएको एउटा एकदमै स्पष्ट सत्य हो । सबै चारै सुसमाचारका लेखकहरुले उहाँको पुनरुत्थानलाई धेरै विस्तारपूर्वक वर्णन गरेका छन् । उहाँले हाम्रो पापहरुको निम्ति आफूलाई अर्पण गर्नुभयो, तर उहाँ मृतकबाट जीवित भई उठ्नु पनि भयो ताकि हामीले उहाँ साँच्चै ईश्वरीयजन हुनुहुन्छ भनी थाहा पाउन सकेका हौं ।

## निष्कर्ष

यहाँ, त्यसो भए, येशू बारेमा तीन सत्यताहरु छन् जसलाई हामीले कहिल्यै भुल्नुहुँदेन, उहाँ परमेश्वर हुनुहुन्थ्यो र हुनुहुन्छ, उहाँ मानिस बन्नुभयो, र उहाँ परमेश्वर - मानिसको रुपमा हाम्रो माझमा बास गर्नुभयो ।

येशू बारेका यी तीन सत्यताहरुले हामीलाई दुई तरिकाले उत्साहित गर्न सक्दछन् । पहिलो, तिनीहरुले हाम्रा मुक्तिदाता एक असहाय मानिस होइन, तर परमेश्वर हुनुहुन्छ भन्ने स्मरण गराउँछन् - सर्वशक्तिमान, अनन्त, सृष्टिकर्ता र पालनहार परमेश्वर ।

दोश्रो, येशूको पहिलेको अस्तित्वमा हामी सबै मानवजाति प्रति भएको उहाँको प्रेमको सत्यता देख्दछौं । उहाँ पृथ्वीमा आउनुभयो र उहाँ हाम्रा पापहरुको निम्ति मरेर हाम्रो निम्ति मुक्तिको एकमात्र आसा प्रदान गर्नुभयो । येशू आउन र हामीलाइ त्यो आसा दिन चाहनुहुन्थ्यो । उहाँले हाम्रो मुक्तिको निम्ति आफैलाई अर्पण गर्नुभयो, तर के पृथ्वीका मानिसहरुले त्यो सन्देशलाई ग्रहण गरेका छन् र उध्दार पाएका छन् त ? के सानै प्रतिक्रियाका निम्ति येशूले सबैथोक दिनुहुनेछ ? येशूले हाम्रो निम्ति त्यो जोखिम उठाउने चाहना गर्नुभयो । उहाँ हाम्रो मुक्तिदाता बन्नुभयो । अरु कसैले हामीलाई बचाउन सक्दैन । यदि उहाँ नआउनुभएको भए, हामीलाई कुनै आसा हुन्थेन ।

के तपाई कमिला बनेको कल्पना गर्न सक्नुहुन्छ ? त्यसबेला मानव हुँदाका तपाईका धेरै फाइदाहरु त्याग्नुपर्ने हुन्छ, जस्तै तपाईंको मानव शरीर, तपाईको बल र तपाईको बुध्दि । तपाईले एक कमिलाको सीमाहरुमा जीवन बिताउनु पर्ने हुन्छ । येशू एउटा कमिला त बन्नुभएन, तर उहाँ आफ्नो स्वर्गको उच्च अवस्थाबाट ओर्लेर पेलिस्टिनमा एक मानिस बन्नु भनेको एउटा मानिस कमिला बन्नु भन्दा पनि धेरै तल्लो कुरा हो । हो, येशू मानिस बन्नुभयो, ताकि त्यसैले हामी परमेश्वरका सन्तान बन्न सकेका हौं ।[७]

आउनुहोस् येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसमा आनन्दित होऔं र अहिले नै हामीले उहाँको आज्ञा पालन गर्ने र उहाँलाई पछ्याउने छौं भनी प्रण गरौं ।

## अभ्यास प्रश्नहरु

१. नयाँ करारका पहिलो चार पुस्तकहरुले के कुरा देखाएका छन् ?
२. के येशूको जन्म उहाँको सुरुवात थियो ?
३. यूहन्ना १:१-५ बाट आउने चार महान सत्यहरुको सूची तयार पार्नुहोस् ।

---

[७] "अनन्तका उहाँ जसलाई सबै कुरा थाहा छ र जसले ब्रम्हाण्ड सृष्टि गर्नुभएको थियो एक मानिसमात्र बन्नुभएन तर (त्यसभन्दा अघि) एक बालक र त्यसअघि एक स्त्रीको शरीरभित्र एउटा भ्रुण बन्नुभयो । यदि तपाईले यसको प्रभाव जान्न चाहनुहुन्छ भने, सोच्नुहोस् तपाईले एउटा चिप्लेकीरा अथवा एउटा गंगेटा बनेको कत्तिको मनपराउनु हुन्थ्यो होला" (C.S. Lewis, Mere Christianity, rev. ed. (New York: Machmillan Publishing Co., 1952), 155).

४.	हामी जस्तै एक जना हुनको निम्ति येशूले कुन चारवटा खुड्किलाहरु ओर्लनु भएको थियो ?
५.	खीष्टियानिटीको मुख्य सत्यता के हो जसलाई यदि तपाईले विश्वास गर्नुभयो भने तपाईले अरु सबै सत्यहरुलाई विश्वास गर्न सक्नुहुन्छ ?
६.	कसरी येशूको जन्म एक विशेष जन्म थियो ?
७.	येशूबारे हामीले कहिल्यै भुल्न नहुने तीनवटा सत्यहरु के-के हुन् ?
८.	कसरी येशू मानिस हुनु भनेको एउटा मानिस कमिला हुनुभन्दा धेरै तल्लो स्तरको कुरा हो ?

### शब्द सहायताहरु

**अवतार -** परमेश्वरका पुत्र मानव शरीरमा देखापर्नु भएको, येशू पुरुष मानवको रुपमा पृथ्वीमा आउनुभएको ।

**बास गर्नु -** भित्र उपस्थित रहनु, जसरी पवित्र आत्मा खीष्टियानहरु भित्र बास गर्नु, अथवा बस्नु हुन्छ (१ कोरिन्थी ६:१९, २०) ।

**पूर्व अस्तित्व -** संसार सृष्टि हुनुभन्दा अघिबाटै जीवित । यो गुण मात्र ईश्वरत्वको (परमेश्वर पिता, परमेश्वर पुत्र, र परमेश्वर आत्मा) अधिनमा छ । येशू मानिस हुनुभन्दा अघिबाटै अस्तित्वमा हुनुहुन्थ्यो । उहाँ अनन्तबाट अस्तित्वमा हुनुहुन्थ्यो, हुनुहुन्छ, र सधै रहनुहुनेछ । (हेर्नुहोस् यूहन्ना १:१-११)